## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय समाचार समितिको लागि आई. पी. एस. को प्रयासमा फिनिडाबाट उपहारस्वरूप प्राप्त हुने यू. एस. डलर ७,०००।– मूल्य बराबरको रिको इलेक्ट्रोनिक प्रिन्टर २,६०० (Ricon Electronic Printers S-3 and Fuser S-2) अफसेट प्रेसमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

श्री ५ को सरकार

## पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले दुर्गमक्षेत्र विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही आदेशको दफा ३ को उपदफा (१) बमोजिमको समितिमा देहायबमोजिमको सदस्य तथा सदस्य-सचिव रहने गरी हेरफेर गरेको छ ।

१. खण्ड ३५, मिति २०४२।१।२४, संख्या ४ को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार दुर्गमक्षेत्र विकास समितिको खण्ड (झ) अन्तर्गत मध्यपश्चिमाञ्चल क्षेत्रबाट तोकिनुभएका श्री रुद्रबहादुर डांगी (डोल्पा) को निधन भै रिक्त हुन आएको सदस्य पदमा श्री कर्णबहादुर बुढा (डोल्पा) ।

२. खण्ड ३५, मिति २०४२।१०।२, अतिरिक्ताङ्क ४९ (ग) को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार राखिएको खण्ड (ट) को सट्टा देहाय बमोजिमको खण्ड (ट) राखिएको छ :–
"(ट) दुर्गमक्षेत्र विकास समितिको का. मु. सह-सचिव श्री खेमराज नेपाल सदस्य-सचिव ।"

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३५६